# आर्थिक वर्ष २०७७/०७८

# को

# { वजेट वक्तव्य }

## पञ्चकन्या गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लाकुरीभञ्ज्याङ ।

गाउँसभाको बैठकमा २०७७ साल असार १० गते बुधवार

उपाध्यक्ष सिता पराजुली खड्का ले

प्रस्तुत गर्नु भएको

# आार्थिक बर्ष २०७७/०७८ को

# बजेट वक्तव्य

पञ्चकन्या गाउँपालिका
गाउँ कार्यपालिकको कार्यालय
२०७७

**सम्माननीय अध्यक्ष महोदय**

सदियौं देखी एकात्मक राज्य ब्यवस्था सञ्चालन गर्ने मुलुकको रुपमा रहदैं आएको नेपाल यतीवेला संघियता कार्यान्वयनको चरणमा अघि वढिसकेको छ । विभिन्न काल खण्डहरुमा नेपाली जनताले गरेको बलिदान पुर्ण जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगाएत अन्य सवै आन्दोलनवाट प्राप्त उपलब्धीहरुको रुपमा हामीले प्राप्त गरेको पञ्चकन्या गाउँपालिकालाई आत्मानिर्भर वनाई अघि वढ्ने काम जटिल र चुनौतीपुर्ण अवश्य छ , तर यसलाई नमुना पञ्चकन्या निमार्णको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि वढ्नुको विकल्प छैन ।

आज असार १० गते, स्थानिय तहको स्थापना भएको करिब ३७ महिना पुरा भएको दिन म यस पञ्चकन्या गाउँपालिकाको उपाध्यक्षको हैसीयतले यस गरिमामय गाउँ सभामा आर्थिक वर्ष २०७७/०७८ को वार्षिक बजेट पेश गर्न उभिएको छु । यस गौरव पुर्ण अवसरमा जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते र बेपत्ता नागरीकहरु प्रति सम्मान प्रकट गर्दछु ।

विश्वभर फैलिएको कोभिड - १९ कोरोना भाइरसको महामारीबाट सिर्जित भयावह स्थितिवाट हाल हाम्रा दैनिक क्रियाकलापमा प्रतिकुल असर सतहमा आएको अवस्था विद्यामन छ । यस विषम परिस्थितिका बावजुद अग्रपंतिमा रहि अनवरत रुपमा सेवा प्रवाह गर्नुहुने जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति सम्मान व्यक्त गर्न चाहन्छु । यस महामारीका कारण आफ्नो जीवन गुमाउन वाध्य स्वदेश तथा विदेशमा रहनु भएका नेपाली नागरिकहरु प्रति हार्दिक श्रद्धञ्जली, शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना सहित उपचाररत सम्पूर्ण नागरिकहरुको शिघ्र स्वास्थ्य लाभको कामाना गर्दछु । विश्वसामु देखापरेको यस विपत्तिले थप परम्परागत विकासको प्रकृयमा नयाँ चुनौती थप गरि विकासको गतिमा ब्रेक लगाउने अवस्था सिर्जना गरेको छ । त्यसवाट यस पञ्चकन्या गाउँपालिका पनि अछुतो छैन र हुनेछैन । सोहि कुरालाई चिर्दै विकासको गतिविधिलाई नयाँ सोचवाट डोऱ्याउनु पर्ने परिस्थिति हाम्रो सामु देखा परेको छ । सोही कुरालाई मध्यनजर गर्दै आगामी आ.व. को बजेटलाई कोरोना प्रतिरोधी विकास प्रति केन्द्रित गर्ने प्रयास गरेको छु ।

राजनैतिक क्षेत्रमा हामिले ऐतिहासिक फड्को मारेका छौं । गणतन्त्र संस्थापन पश्चात स्थानिय तहको निर्वाचन सम्पन्न भई स्थानिय शासन र विकास निर्माणमा प्रत्येक नागरीक आफैं संलग्न हुने वातावरणमा बढोत्तरी भएको छ । यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवशरको रुपमा उपयोग गरी जनचाहाना पुरा गर्ने अबको हाम्रो वाटो भनेको तीब्र आर्थिक विकास

नै हो । आत्मानिर्भर र स्वाधिन अर्थव्यवस्था हाम्रो प्रस्थान बिन्दु हो, समाजवाद उन्मुख अर्थत्रन्त मार्फत सुखी नेपाली र समृद्ध नेपाल हाम्रो गन्तब्य हो ।

स्थानिय तहको गठन पश्चात आफ्नो गाउँठाउँको विकासमा जनताको अपनत्व वृद्धि हुन्छ । यस अवसरमा स्थानिय तहको निर्वाचनमा सहभागिता जनाई निर्वाचन लाई सफल वनाउदै लगातार जनसेवा गर्ने अवसर प्रदान गर्नुहुने सम्पूर्ण पञ्चकन्या वासीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु ।

आर्थिक समृद्धितर्फको यात्रामा अग्रसर हुने माध्यमको रुपमा रहेको वार्षिक वजेट असार १० गते भित्र गाउँसभामा प्रस्तुत गर्नुपर्ने कानुनी वाध्यता छ । यसै क्रममा स्थानिय तहले पाएका संवैधानिक अधिकार, १५औं योजनाले परिलक्षित गरेको सुखी नेपाली समृद्ध नेपालको दिर्घकालिन सोचलाई आत्मासाथ गरि चालु योजनाका लक्ष्यहरु, उद्धेश्यहरु तथा दिगो विकासको लक्ष्यहरु हासिल गरी सन् २०३० सम्ममा नेपाल लाई मध्यस्तरीय आय भएको मुलुकमा स्तरोन्नती गर्ने अभियानलाई थप टेवा पुग्ने गरी यस गाउँपालिकाको वजेट विनियोजन गरेको छु ।

देशको कमजोर आर्थिक वृद्धि, बढ्दो मुद्रास्फीति, भुकम्पवाट पुगेको क्षति जस्ता कुराहरुबाट पञ्चकन्या गाउँपालिका पनि पिडा विहिन अवस्थामा रहन सकेको छैन । तथापी सीमीत अन्तर सरकारी वित्तिय हस्तान्तरण वाट प्राप्त अनुदान र सामान्य आन्तरीक राजश्वको संयोजनबाट पनि जनआकांक्षा पुरा गर्ने खालका योजनाहरु तर्फ वजेटलाई डोर्‍याउने प्रयास भने अवश्य गरेका छौं ।

यो वजेट तयार गर्दा सम्म यस गाउँपालिकालाई सहयोग गर्ने विकास साझेदार हरुले केहि रकम दिने प्रतिवद्धता जनाई सकेको अवस्थामा यस्ता सहयोगी साझेदारहरु संग निरन्तर संवाद जारी रहेको हुदाँ आर्थिक वर्षको विचमा प्राप्त हुने थप रकमहरुलाई पुरक अनुमान वाट खर्च गर्न सक्ने ब्यवस्था गरी म्याचिङ फण्डको समेत ब्यवस्था गरेको छु ।

भौगोलीक विकटताको वावजुत आन्तरीक र वाह्य पर्यटन विकास मार्फत आर्थिक समृद्धिको ढोका खोल्न सक्ने अवशरहरु हाम्रा सामु रहेका छन् । कृषि र जलविद्युतको विकास वाट स्वावलम्वी अर्थतन्त्र निर्माण गर्न सक्ने हैसियत समेत यस गाउँपालिकाले राख्छ त्यसैले यस्ता क्षेत्रहरुको पस्किरण गर्दै गाउँपालिकालाई नमुना वनाउने अभियानलाई सार्थकता प्रदान गर्ने वाटो तर्फ वजेटलाई डोर्‍याउने प्रयास गरेको छु ।

यस गाउँपालिकाको आफ्नै आर्थिक ऐन समेत बनाईसकेको सर्न्दभमा यसवाट प्राप्त आन्तरिक आयवाट आउँदा दिनहरुमा भविस्यका मार्गचित्रहरु कोर्नको लागी थपवल अवश्य पुग्नेछ । यस्ता ऐन, नियमहरुलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पर्ने संस्थागत सृदृढिकरणको क्षेत्रलाई समेत समेट्ने गरी वजेटलाई मुर्तता दिने काम गरेको छु ।

ऐतिहासिक स्थानिय तहको निर्वाचन सम्पन्न पश्चात स्थानिय सरकारले तर्जुमा गरेको पहिलो, दोस्रो, तेश्रो र चौथो बजेटमा समेटिएका यस गाउँपालिकाका र सो अन्तर्गतका वडाहरुमा संचालित योजनाहरुमा नै पूँजीगत खर्च ८० प्रतिशतको हाराहारीमा हुने अवस्था देखीनुले आगामी आ. व. मा यसमा अझै सुधार गरेर अघि बढ्न सक्ने मार्ग प्रशस्त देखिन्छ । स्थानिय तह जनप्रतिनिधि विहिन अवस्थाको अन्त्य सँगै विगतमा योजना सम्पन्न गर्न आईपरेका समस्याहरुलाई स्थानिय सरकारको आगमनले सहज रुपमा समाधान हुँदै जाने कुरामा विश्वस्त छु ।

**सम्माननीय अध्यक्ष महोदय,**

यी सवै सकरात्मक उपलब्धी हुँदा हुँदै पनि पञ्चकन्याको अर्थतन्त्र चुनौती रहित भने छैन । अर्थतन्त्रमा देखिएका मुलभुत चुनौतीहरु यसप्रकार प्रस्तुत गरीएको छ :-

- ✓ शताब्दियौं देखी एकात्मक राज्यप्रणालीको अभ्यास गरेका हाम्रा लागी संघियता व्यवस्थापन नौलो प्रयोग हो । भर्खरै गठन भएको स्थानिय तहको संस्थागत, प्राविधिक र स्रोत परीचालन क्षमता वृद्धि गर्ने तथा यसको पुर्वाधार निर्माणका लागी आवश्यक स्रोत व्यवस्था गर्ने कार्य चुनौती पुर्ण छ ।
- ✓ आयोजना छनौटमा हुने विशेषज्ञको अभाव, कमजोर व्यवस्थापकिय क्षमता, कानुनी, नीतिगत र प्रक्रियगत जटिलताका कारण आयोजनाहरु समयमा सम्पन्न हुन सक्ने अवस्था छैन । तसर्थ विनियोजनमा प्रभावकारिता ल्याई लक्ष्य वमोजीम कार्यसम्पादन गर्नु चुनौतीपुर्ण रहेको छ ।
- ✓ जनताप्रतीको जिम्मेवारी र उत्तरदायित्वप्रतिको सचेतना विना स्थानिय तहवाट दिईने सेवाको सहज प्राप्ति हुन सक्दैन तसर्थ कानुनको परीपालना ,सेवा प्रवाहमा प्रभावकारीता , सुदृढ र सक्षम संस्थागत सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता ल्याउन चुनौतीपुर्ण छ ।
- ✓ भुकम्पवाट क्षती ग्रस्त सांस्कृतिक सम्पदा लगायत अन्य संरचनाहरुको पुननिर्माणमा भएको ढिलाईलाई चिर्दै पुनः निर्माणलाई नवनिर्माणमा बदल्नु पर्ने चुनौती हाम्रो सामु छ ।
- ✓ भौगोलिक विविधताले विकासको समन्यायीक बाडँफाड गरि गाउँपालिका भित्रका सबै क्षेत्रबाट एकैनासे प्रगती हासिल गर्ने कुरा चुनौती पुर्ण छ ।
- ✓ यतिवेला विश्वभर फैलिएको कोभिड १९ कोरोना भाईरसको महामारीवाट सृजित भयावह स्थितिवाट हाम्रा दैनीक क्रियाकलामा परेको प्रतिकुल  असरलाई न्यूनिकरण गर्दै कोरोना भाईरस रोकथाम तथा नियन्त्रण गरि नागरिको स्वास्थ्य सुरक्षा गर्ने कुरा हामिमाझ चुनौती पुर्ण छ ।

**सम्माननीय अध्यक्ष महोदय ,**

हाम्रा सामु विभिन्न चुनौतीहरु रहेता पनि स्थानिय सरकारको अवधारण पश्चात आगामी दिनमा यस क्षेत्र भित्र हुने आर्थिक क्रियाकलापका कारण उच्चदरको आर्थिक वृद्धि हुने आधार तय भएको छ । यस परिप्रेक्ष्यमा स्वायत्त स्थानीय सरकारको हैसियतमा विद्यामान अवसरहरुको सदुपयोग र चुनौतीहरुको सामना गर्ने गरी आगामी आर्थिक वर्षको वजेट तयार गरेको छु । यो वजेटको उदेश्यहरु यसप्रकार प्रस्तुत गरेको छु ।

- ❖ संघियता कार्यान्वयनमा सहयोग गर्ने,
- ❖ दिगो, समावेशी र उच्चदरको आर्थिक वृद्धि हासिल गर्ने,
- ❖ गाउँपालिकावाट प्रदान गरीने सेवामा नागरीक पहुँच वृद्धि गर्ने,
- ❖ स्थानिय सरकारको अनुभुती हुने गरी सेवा प्रवाह गर्ने।
- ❖ विकासका क्रियाकलापहको समन्यायीक वितरण गर्ने
- ❖ स्थानिय सरकारको विकास सम्वन्धि योजना र कार्यक्रमहरुमा नागरिकको अपनत्व विकास गर्ने
- ❖ विविध कारणले पछि परेका वा पारिएका वर्गहरुलाई मुलप्रवाहीकरण गरी राज्य सञ्चालनको मुलधारमा समावेश गराउने
- ❖ कारोनाको कहरवाट आम नागरिकलाई मुक्त बनाउँदै सामान्य जीवनमा फर्कन सक्ने वातावरण पैदा गराउने ।

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागी आगामी आर्थिक बर्षको वजेटका प्राथमिकताहरु देहाय वमोजीम निर्धारण गरेको छु ।

- ➢ संघियता कार्यान्वयन
- ➢ भुकम्पवाट क्षतीग्रस्त संरचनाहरुको पुन :निर्माण
- ➢ रोजगारीको अवसरमा वृद्धि
- ➢ सडक निर्माण र स्तरोन्नती
- ➢ गाउँपालिकाको भौतिक विकास
- ➢ शिक्षा, स्वास्थ्य,खानेपानी र सरसफाईमा लगानी
- ➢ पर्यटन पुर्वाधारको विकास तथा प्रवर्द्धन
- ➢ सार्वजनीक प्रशासन र सेवा प्रवाहमा सुधार
- ➢ कृषिको व्यवसायिकरण, आधुनीकिकरण, यान्त्रिकरण र वैज्ञानिकरण
- ➢ कृषिजन्य तथा पशुजन्य उत्पादनको भण्डारण तथा वितरण
- ➢ सामाजिक सुरक्षाको सुनिश्चितता

- कोरोना प्रतिरोधि विकासको शुरुवात

**सम्माननीय अध्यक्ष महोदय,**

अव म यीनै चुनौती उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्ष ०७७/०७८ को बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**संघियता कार्यान्वयनः**

नेपाली जनताको बलीदान पुर्ण संघर्षवाट प्राप्त संघियता कार्यान्वयन गर्न आवश्यक भौतिक संरचनाहरुको निर्माण, आफ्नै स्थानिय तहको ऐन, कानुन,नीति नियमावली र कार्यविधिहरु निर्माण गरी नागरीकलाई सेवा प्रवाह गरिनेछ । आफ्नै न्याय प्रणालीमार्फत स्थानिय स्तरमा न्यायीक कार्य संम्पादन गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ । यस संगै मागमा आधारीत र यस क्षेत्रको माटो सुहाउंदो कार्यक्रम तथा विकासका गतिविधिहरु संचालन गरि यस क्षेत्रका जनताको चरम गरिवी न्यूनिकरण गर्ने प्रमुख नीतिलाई प्रभावकारी वनाउन आवश्यक वजेट विनियोजन गरेको छु ।

नेपालको संविधानको अनुसुचि-८ मा व्यवस्था भएका अधिकांश कार्यहरु स्थानिय तहवाटै संञ्चालन हुने गरी भएका वित्तिय हस्तान्तरणको माध्यमवाट स्थानिय सेवा प्रवाह र विकास निर्माणका कार्यहरु आफैं सञ्चालन गर्न सक्ने गरी रकम विनियोजन मार्फत गाउँमानै सिंहदरवारको अनुभुती हुनेगरी बजेटको लागी संघिय तथा प्रादेशिक विभाग र मन्त्रालय धाउन पर्ने अवस्थाको अन्त्य गरेको छु ।

**कृषि तथा पशु :**

मुलुकको कुल गार्हस्थ उत्पादनमा करिब ३० प्रतिशत योगदान गर्ने र दुई तिहाई नेपालीको प्रमुख पेशाको रुपमा रहेको कृषिको व्यवसायिकरण, आधुनिकिकरण, यान्त्रिकीकरण र वैज्ञानिकीकरण बिना समग्र देश तथा पञ्चकन्याको अर्थतन्त्रमा गुणात्मक सुधार हुन सक्दैन भन्ने मेरो मान्यता छ । त्यसैले कृषि क्षेत्रलाई परिस्कृत वनाउँदै उत्पादनमा वृद्धि गर्न तथा कृषि प्रणालीलाई वैज्ञानिक, व्यवसायिक र वातावरण तथा जलवायु अनुकुलित वनाउँदै आर्थिक वृद्धिको दिगो आधार तयार गर्न रु २ करोड १० लाख ६८ हजार.रकम विनियोजन गरेको छु । पशुपालन पेशालाई सहज बनाउने प्रक्रियाको निरन्तरता दिन एक वडा एक घाँसको श्रोत केन्द्र स्थापना ,एक वडा एक गोदाम,एक ३ वडामा दुग्ध संकलन केन्द्र ,पशु सेवा केन्द्र स्थापना तथा विक्रिमा अनुदानको नीतिलाई अवलम्वम्वन गर्न **पाठी उपहार , भुमि बैंक**को अवधारण **वेरोजगार यूवालाई माटो उपहार, यूवा प्रोत्साहन कोष , कृषि एम्बुलेन्स सेवा संचालन ,कृषकको ग्राहक स्थानीय**

**सरकार कार्यक्रम तथा कारोवारमा आधारित अनुदान** जस्ता कार्यहरुको थालनी गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**सडक यातायात तथा झोलुङ्गे पुल :**

सम्रग आर्थिक सामाजिक क्रियाकलापहरु विस्तार गर्ने, सेवा प्रवाहामा पहुँच वृद्धि गर्ने, गाउँपालिकाको कार्यालयलाई वडा कार्यालयहरु संग जोड्ने तथा गाउँपालिकामा रिङरोड निर्माण गर्ने परिकल्पना अनुरुप नयाँ सडक निर्माणको थालनी तथा पुराना सडकहरुको स्तरोन्नती गर्ने योजना स्वरुप सडक यातायातको लागि रु ८ करोड ४१ लाख ३६ हजार छुट्याएको छु । तथा गाउँपालिका भित्रका प्रत्येक वडाहरुलाई वाह्र महिना सडक संचालन गर्न सकिने गरि सडक स्तारोन्नती गर्न , कालोपत्रे गर्ने कार्यको शुरुवात गर्न र झोलुङ्गे पुलको निर्माण कार्यक्रमलाई सम्पन्न गर्नका लागि म्याचिङ्ग फण्डमा रहेको रकम वाट माथिल्ला सरकारहरुसंग समपुरक अनुदानमा छहरे राष्ट्रिय मा.वि हुदैं गाउँपालिका जोड्ने सडक कालोपत्रे गर्ने कार्यको लागि म्याचिङ्ग फण्डको व्यवस्था गरेको छु ।

**सम्मानननीय अध्यक्ष महोदय,**

पञ्चकन्या गाउँपालिका वडा नं १, २, ३, ४ र ५ मा दिगो खानेपानी वितरणको अभावमा स्वच्छ र शुद्ध खानेपानी सुविधावाट यस क्षेत्रका नागरिक वन्चित रहनु परेको तथ्य यहाँलाई अवगत नै छ । यसै कुरालाई मध्यनजर गर्दै यस आर्थिक वर्षमा यस गाउँपालिका भित्र खानेपानीको सहज उपलब्ध गराउने उद्धेश्यले खानेपानी तर्फ रु १ करोड ५८ लाख ५० हजार रकम विनियोजन गरेको छु । विनियोजित रकमबाट साना खानेपानी आयोजनाहरु मात्र सम्पन्न गर्न सकिने हुँदा यसले यस क्षेत्रका जनताको माग बमोजिमको खानेपानी आपुर्ति हुन नसक्ने देखिएकोले एक घर एक धाराको नीति अनुरुप ठुला लगानी गर्न इच्छुक विकास साझेदारहरु DFID, UNICEF, MALTESER, UNDP, OXFAM, RUDEC, RSDC लगायतका अन्य गैरसरकारी संस्थाहरुसँग सम्वाद गरी यस आर्थिक वर्षको विचमा विकास साझेदारहरु वाट प्राप्त हुने रकममा गाउँकार्यपालिकाको पुँजिगत रकमवाट थप रकम समपुरक कोषमा छुट्याएर ठुला खानेपानी आयोजना सम्पन्न गर्ने वाटो समेत खुल्ला राखेको छु । साथै माथि उल्लेखित सिलिङवाटै खर्च हुनेगरि भेडावारी वयगाउँ बृहत खानेपानी आयोजना र जैसी गाउँ फुर्केसल्ला खत्रिवेसी खानेपानी आयोजना ठुला आयोजनाको रुपमा सम्पन्न गर्ने व्यवस्था गरेको छु ।

**स्वास्थ्य :-**

सबै पञ्चकन्याबासीले गुणस्तरीय स्वास्थ्य सेवा सुलभ दरमा प्राप्त गर्न सकुन् भन्ने उद्देश्यले म स्वस्थ मेरो गाउँ स्वस्थ, गाउँघर क्लीनीक,घरमा बच्चा नजन्माउने अभियानलाई पुर्णता दिनको लागि **Birthing At HealthCenter** जस्ता कार्यक्रमहरु संचालनमा ल्याउन तथा महिला स्वास्थ्य स्वयंसेवीकाहरुको क्षमता वृद्धि कार्यक्रम संचालन तथा मुटु रोगी, मृगौला र क्यान्सर रोगीहरुको अप्रेशन गर्न पर्ने अवस्थामा जनही रु ५० हजार सम्म सहयोग दिन सक्ने गरी आगामी आर्थिक वर्षमा स्वास्थ्य क्षेत्रको लागि निसर्त अनुदानवाट रु १ करोड ३२ लाख र सर्सत अनुदान वाट रु २ करोड ७८ लाख ८० हजार सहित जम्मा रकम रु ४ करोड १० लाख ८० हजार विनियोजन गरेको छु ।

सृष्टिको सञ्चालिका नारीको सुत्केरी अवस्था र नवजात शिशुको शारिरिक स्थास्थ्य समस्यामा सुधार ल्याउन **"सुत्केरीको साथी उपाध्यक्ष"** कार्यक्रम संचालन गर्दै मातृ शिशु मृत्युदर न्युनिकरण गर्न पौष्टिक आहार र न्यानो झोला वितरण कार्यलाई प्राथमिकताका साथ कायम राख्दै माथिकै सिमाबाट रु ३ लाख विनियोजन गरेको छु । कोभिड १९ वाट प्रताडित नागरिकहरुको पिडामा घाउमा मलम लगाउने उदेश्यले सम्भावित संक्रमणको रोकथाम र नियन्त्रण गर्न छुट्टै कोष खडा गर्न यस आ.व मा उक्त कोषमा थप रकम रु ३५ लाख विनियोजन गरेको छु । साथै सोही कोषवाट यस महामारीमा अग्रपंतिमा रहि सेवा प्रवाह गर्ने स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरुको लागि प्रोत्साहन भत्ता, क्वारेन्टाईन व्यवस्थापन, खाद्य बैंकको संचालन, पि.सि.आर परिक्षण जस्ता शिर्षकहरुमा खर्च गर्ने व्यवस्था मिलाएको छु ।

**शिक्षा :-**

विद्यालय शिक्षालाई समतामुलक र गुणस्तरीय वनाउँदै विद्यालयको व्यवस्थापकिय क्षमता अभिवृद्धि गर्ने गरी विद्यालय क्षेत्र विकास कार्यक्रम स्थानिय तहवाटै संचालन हुने हुँदा यसका लागी आ.व. २०७७/०७८ मा यस क्षेत्र भित्रका शैक्षिक संस्थाहरुलाई भौतिक रुपले सक्षम वनाउन, स्वयंसेवक शिक्षक कार्यक्रमको निरन्तरता प्रदान गर्न, नमुना र प्राविधिक विद्यालय सञ्चालन गर्न ,विभिन्न शैक्षिक तालिमहरु संचालन गर्न साथै टोलटोलमा शिक्षक र क्वारेन्टाईन शिक्षण संचालन जस्ता कार्यक्रमहरुको लागि रु ९ करोड ५९ लाख १४ हजार छुट्याएको छु ।

चालु आ.व देखी वालकक्षा सहयोगीको २० प्रतिशत तलब वृद्धिलाई एथावत् राख्दै आगामी आ.व .देखी आ.वि तहको कार्यलय सहयोगीहरुको २० प्रतिशत माध्यमिक तहका कार्यालय सहयोगीहरुको १५ प्रतिशत र लेखा सहायकहरुको १२ प्रतिशत तलब वृद्धि हुनेगरि रकम व्यवस्थापन गरेको छु ।

शिक्षा एउटा त्यस्तो हतियार हो जसले विश्व वदल्न सक्छ त्यसैले कुनैपनि नागरिकले शिक्षा जस्तो मौलिक हकवाट वञ्चित हुनु नपरोस् भन्ने ध्येयले पारिवारिक र आर्थिक समस्याको कारणवाट विद्यालयको शैक्षिक ज्ञान प्राप्त गर्नवाट वञ्चित टुहुरा र दलित वाल वालिकालाई शिक्षाको मन्दिरमा प्रवेश गराउन **"टुहुरा र दलित वालवालिकाको साहारा अध्यक्ष"** कार्यक्रम मार्फत आर्थिक सहयोग प्रदान गर्ने कार्यको निरन्तरताको लागि माथिकै सिलिङबाट रु.२ लाख विनियोजन गरेको छु ।

## संस्कृति र पर्यटनः-

पञ्चकन्या गाउँपालिकालाई उत्कृष्ट पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न पर्यटकिय प्रचुरता भएका प्रमुख स्थलहरुलाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न गुरुयोजना तयार गर्ने र पर्यटकीय पदयात्रा मार्ग निर्माण तथा विकासको कार्यक्रमलाई प्राथमिकता साथ अघि वढाउन आवश्यक बजेट छुट्याएको छु ।

हाम्रो गाउँपालिकाको पहिचानको रुपमा रहेको हाम्रो कला, सभ्यता र मौलिक संस्कृतिको संरक्षण तथा सम्वर्द्धन मार्फत पर्यटन ब्यवसायलाई थप टेवा पुगोस् भन्ने अठोटका साथै देशलाई आजको स्थितीसम्म ल्याईपुर्याउन ईतिहासका विभिन्न काल खण्डमा भएका पञ्चायत आन्दोलन दश वर्षे शसस्त्र संर्घष , २०६२/६३ को जनआन्दोलन , मधेस आन्दोलनहरुमा रगतले मातृभुमिलाई सिंचित गर्दै प्राणोत्सर्ग गर्ने यस गाउँपालिका भित्रका सम्पुर्ण महान शहिदहरुको सम्मानमा घ्याङस्वारामा संयूक्त सहिद स्मारक निर्माण कार्य तथा समग्र यस क्षेत्रको लागि पुजिगत तर्फबाट गरि जम्मा रु. १ करोड ३२ लाख ५७ हजार विनियोजन गरेको छु ।

## लक्षित कार्यक्रम :-

महिला, वालवालिका, दलित, अल्पसंख्यक जस्ता वर्गहरुलाई सामाजिक सशक्तीकरण मार्फत गाउँपालिकाको विकास निर्माण लगायतका अन्य क्षेत्रमा समाहित गर्दै स्थानिय शासन संचालनको मुलधारमा मुल प्रवाहिकरण गर्न लक्षित कार्यकक्रमको लागि रु ४५ लाख २२ हजार विनियोजन गरेको छु । अपांगमैत्री रोजगारीका अवसरहरुको खोजी गरि सफलताको वाधक असमक्षता होईन भन्ने भावना जागृत गराई गाउँपालिका भित्र रहेका अपांगहरुलाई स्वावलम्वन तर्फ उन्मुख गराउन यसै आ.व. २०७६।०७७ देखि सुरु गरिएको **"अपागं संग जनप्रतिनिधि"** कार्यक्रमको निरन्तरताको लाग समेत माथिकै सिलिङबाट खर्च हुने गरि आवश्यक रकम विनियोजन गरेको छु ।

## युवा तथा खेलकुद :

भविष्यमा खेलकुद मार्फत पञ्चकन्या गाउँपालिकालाई चिनाउन योगदान पुचाउन अन्तराष्ट्रिय खेलकुदमा सहभागिता जनाउने यस क्षेत्रका खेलाडीहरुको एक तर्फी हवाई टिकट र होटल वास खर्चको व्यवस्था गर्ने, राष्ट्रिय खेलकुदमा सहभागी भई स्वर्ण , रजत र कास्य पदक जित्ने खेलाडीहरुलाई क्रमशः ५० हजार ३० हजार र २० हजार उपलव्ध गराउने तथा अन्तराष्ट्रिय खेलकुदमा स्वर्ण , रजत र कास्य पदक जित्न सफल खेलाडीहरु लाई क्रमश : रु.३० हजार, २० हजार, १० हजार उपलब्ध गराउने कार्यक्रमको निरन्तरताको लागि आवश्यक रकम व्यवस्था गरेको छ ।

अर्न्तपालिका विच आपसी सद्भाव कायम राख्न तथा विकासका गतिविधिहरुको अनुभव आदन प्रदान गर्न अर्न्तपालिका स्तरिय दोश्रो पञ्चकन्या **चेयरमेन कप भलिबल** प्रतियोगीताको लागी १० लाख गरि समग्र खेल क्षेत्रको विकासको लागी रु. ११ लाख विनियोजन गरेको छु ।

## सुचना प्रविधि र संचार :

यस गाउँपालिकाको विकासको विषयमा उत्कृष्ट समाचार सम्प्रेषण गर्ने उत्कृष्ट पत्रकार छनौट गरि **उत्कृष्ट विकास पत्रकारीता** पुरस्कार प्रदान गर्न, यस गाउँपालिकावाट सम्पादन भएका कार्यहरुलाई पारदर्शी वनाउन प्रयोग गरीने विभिन्न विज्ञापन, पोस्टरिङ, सार्वजनिक सुनुवाई, रेडियो कार्यक्रम , यस गाउँपालिकाको केन्द्रीय कार्यलय , सम्पुर्ण विषगत शाखा र वडा तहवाट नियमित प्रकाशित हुने सन्देश ,शुभकामना लगायत सुचना सामाग्रीहरुको छपाई तथा प्रसारण गर्ने सञ्चार माध्यामहरुलाई सुचिकृत गरि कार्यपालिकाले तोकेको वार्षिक रकम उपलब्ध गराउने गरि र प्रविधि व्यवस्थापन जस्ता कार्यक्रमहरुको लागी रु. हजार विनियोजन गरेको छु । साथै माथिकै सिलिङवाट खर्च हुने गरि गाउँपालिकाको पहलमा स्थानीय एफ.एम सेवा सञ्चलनको लागि रु ५४ लाख विनियोजन गरेको छु ।

## सिंचाई :-

कृषिको वैज्ञानिकिकरण र आधुनिकिकरण को अभियान त्यतिवेला मात्र गन्तव्यमा पुर्‍याउन सकिन्छ जव प्रत्येक जमिनलाई १२ महिना चल्ने सिंचाई सुविधाले सिञ्चीत गर्न सकिन्छ भन्ने मुल मन्त्रको आधारमा यस पञ्चकन्या गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७/०७८ को वजेटवाट रु. १७ लाख २५ हजार सिंचाईको लागि विनियोजन गरेको छु ।

## भु-क्षय नियन्त्रण तथा विपत् व्यवस्थापन :-

पहाडी धारिलो जमिनले अधिकांश भु-भाग ओगटेको यस गाउँपालिकामा वर्षायामको वाढि तथा पहिरोवाट सडक, सिंचाई तथा विद्यालयहरुमा पर्न जाने जोखिमहरु न्यूनिकरण गर्दै दिगो विकासको अवधारणलाई मूर्तरुप दिन भु-क्षय नियन्त्रण तथा विपद व्यवस्थापनको लागि रु २२ लाख व्यवस्था गरेको छु ।

## भवन :-

गाउँ गाउँमा सिंहदरवार पुर्याउने संघीय सरकारको अभियान स्वरुप जन्मन पुगेको पञ्चकन्या गाउँपालिकाको  बहुवर्षिय ठेक्का मार्फत आफ्नै पक्की भवन निर्माण गरि प्रभावकारी सेवा वितरणमा सहजता प्रदान गर्न , ४ नं वडा कार्यालयको पक्की भवन निर्माण गर्न  र  सामुदायिक तथा सहकारी भवन निर्माण गर्ने उदेश्य लिई आगामी आर्थिक वर्षमा भवन निर्माण सम्पन्न गर्नको लागि रु १ करोड ५५ लाख रकम भुक्तानी हूने व्यवस्था गरेको छु ।

## बिबिध तथा भैपरी आउने कार्यक्रमहरु

मानसिक शुद्धीकरण विना सामाजिक रुपान्तरणको खोजी गर्नु भनेको बन्द अध्यारो कोठामा निदाईरहेको कालो विरालो खोज्नु सरह हो । त्यसैले समाजमा व्याप्त लैंगिक, धार्मिक, जातिय लगायत अन्य कारणबाट मानसिक समस्याले ग्रस्त नागरिकहरुको मनोवैज्ञानिक समस्या सुधार गरि विकासको अभियानमा समावेश गराउन आवश्यक कार्यक्रम संचालनलाई वढोत्तरी गर्नको लागी यस आ.व.मा रु २ लाख विनियोजन गरेको छु ।

गाउँपालिका भित्र संचालित योजनाहरुको अनुगमन गरि गुणात्मक नतिजा प्राप्तीको लागि तथा बिकाश प्रकृया र सरसफाई अभियानलाई सहज र सरल ढंगले सम्पन्न गर्न आवश्यक पर्ने सवारी साधन खरिदको लागि आगामी आर्थिक बर्ष २०७७/०७८ को आय व्ययको बिबरणबाट रु. १० लाख विनियोजन गरेको छु ।

कार्यालय सञ्चालनको लागी आवश्यक पर्ने फर्निचर, मेसिनरी औजार खरिद, डि.पि.आर. निमार्ण आई.ई.ई. तयारी विद्युतिय पुर्वाधार निमार्ण लगायतका अन्य क्षेत्रहरुमा रु.५९ लाख विनियोजन गरेको छु ।

आकस्मिक रुपमा आईपर्ने आर्थिक सामाजिक पुर्वाधार वातावरण तथा विविध व्यवस्थापन र संस्थागत विकास सेवा प्रवाह र शुसासन सम्वन्धि योजनाहरु सञ्चालनको लागी रु ५० लाख विनियोजन गरेको छु ।

गाउँपालिका स्तरिय खानेपानी, वैकल्पीक उर्जा, सडक निर्माण तथा अन्य पुर्वाधार विकासमा

सह लगानी गर्ने उदेश्यले रु ३ करोड ३० लाख विनियोजन गरेको छु।

आम नागरिकहरुलाई आय मुलक पेशामा सहभागि गराउँदै गरिवी निवारण मार्फत आर्थिक संवृद्धि हासील गराउने उद्देश्यले क्रमश: लघु उद्यम विकास कार्यक्रम तर्फ रु ३२ लाख र गरिवि निवारण तर्फ रु १५ लाख विनियोजन गरेको छु।

प्राधानमन्त्रि स्वरोजगार कार्यक्रम मार्फत वेरोजगारीहरुलाइ कम्तिमा सय दिनको रोजगारी प्रदान गर्दै आयस्रोतको माध्यम वृद्धि गर्न प्राधानमन्त्रि रोजगार कार्यक्रमको लागि रु ५८ लाख ५९ हजार विनियोजन गरेको छु।

राष्टिय परिचयपत्र वितरण सामाजिक सुरक्षा भत्ताको वितरणलाई तप व्यवस्थित वनाउन पञ्जिकरण व्यवस्थापनको लागि रु २३ लाख ९० हजार विनियोजन गरेको छु।

वित्तिय क्षेत्रको विकास, विभिन्न सास्कृतिक भवनहरुको निर्माण, विद्युतिय हाजिरी मार्फत सुशासन प्रर्वद्धन जस्ता पुजिगत योजनाहरु र पदाधिकारी सेवा सुविधा, कर्मचारी पारिश्रमीक, विभिन्न तालिम, घरभाडा, न्यायीक समिती, गाउँसभा तथा कार्यापालिका बैठक सञ्चालन खर्च लगायतका अन्य चालु शिर्षकहरुमा रु ४ करोड ८५ लाख ५४ हजार विनियोजन गरेको छु।

**सम्माननीय अध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष २०७७/०७८ मा यस गाउँपालिकाभित्र संचालन हुने मुख्य मुख्य आयोजनाहरु र उक्त शिर्षकहरुमा विनियोजन गरीएको रकमहरुको वारेमा कार्यक्रमगत रुपमा विस्तृत जानाकारी दिन चाहन्छु।

| क.सं. | शिर्षक | | अनुमानित वजेट | कैफियत |
|---|---|---|---|---|
| क) | कृषि | | ८,५००,०००।०० | पचासी लाख |
| | मौरी घार वितरण | | ५००,०००।०० | पाँच लाख |
| | मिनिटिलर | | ३५०,०००।०० | तीन लाख पचास हजार |
| | कोदो चरट्ने मेसीन | | ३००,०००।०० | तीन लाख |
| | कृषि आधुनिकिकरण तालिम | | ५००,०००।०० | पाँच लाख |
| | स्लाष्टिक टनेल | | ३७५,०००।०० | तीन लाख पचहत्तर हजार |
| | अर्गानिक तरकारी खेती प्रर्वद्धन कार्यक्रम | | ५००,०००।०० | पाच लाख |
| | भुमी बैंक स्थापना | | ६००,०००।०० | छ लाख |
| | कृषि यबुलेस खरिद | | २,५००,०००।०० | पच्चीस लाख |
| | सामुहीक खेती गर्ने कृषकको लागि सहुलियत रिण व्यवस्था | | ९२५,०००।०० | नौ लाख पच्चीस हजार |
| | प्राङ्गारीक मल उत्पादन केन्द्र | | १५०,०००।०० | एक लाख पचास हजार |
| | सहकारीलाई  रसायनिक मल वितरण अनुदान | | ८००,०००।०० | आठँ लाख |
| | विउविजन | | ३००,०००।०० | तिन लाख |
| | कृषकको ग्राहक गाउँपालिका | | ७००,०००।०० | सात लाख |
| ख) | **खानेपानि तथा सरसफाई** | | ३,२००,०००।०० | बत्तीस लाख |
| | कालिकास्थान तितौरे धारा मर्मत वडा नं २ | | ५०,०००।०० | पचास हजार |
| | पातालवन सापकोटाटोल खानेपानी | | १००,०००।०० | एक लाख |
| | बोहोरा टोल खानेपानी व्यवस्थापन वडा नं २ | | १००,०००।०० | एक लाख |
| | खानेपानी पाईप खरिद | | १,५००,०००।०० | पन्ध्र लाख |
| | वडा नं ४ मजुवा खानेपानी आयोजना | | १,०००,०००।०० | दश लाख |
| | बुढाथोकी टोल खानेपानी योजना वडा नं. ३ | | १००,०००।०० | एक लाख |

| | | | | |
|---|---|---|---|---|
| | सिरिश गैरी मुहान गरी घलेटोल बालुवाबारी प्याकुरेल टोल खानेपानी योजन वडा नं. ३ | | २५०,०००।०० | दुई लाख पचास हजार |
| | सिम्लेखोला मुहान गरी बेलडाडाटोल खानेपानी योजना वडा नं.३ | | १००,०००।०० | एक लाख |
| **ग)** | **सस्कृति** | | **३,८००,०००।००** | सैंतिस लाख पचास हजार |
| | पञ्चकन्या मन्दिर निमार्ण ३ | | ५००,०००।०० | पाच लाख |
| | कुलकुले मरण पाटि निमार्ण ४ | | २००,०००।०० | दुई लाख |
| | साविक २ ठुलोमरण पाटि निमार्ण ४ | | ३००,०००।०० | तीन लाख |
| | उदय जालपा मन्दिर निर्माण वडा नं.४ | | १५०,०००।०० | एक लाख पचास हजार |
| | पाचमुरे थिङटोल  मरण पाटि निमार्ण ४ | | २००,०००।०० | दुई लाख |
| | सहिद स्मारक पार्क घ्याङस्वारा वडा नं. ४ | | १,०००,०००।०० | दश लाख |
| | तलाङज्योलिङ गुम्बा मर्मत तथा व्यवस्थापन वडा नं ३ | | ३००,०००।०० | तीन लाख |
| | त्रिरत्न छोईलिङ गुम्वा मर्मत तथा व्यवस्थापन वडा नं ४ | | ३००,०००।०० | तीन लाख |
| | पशुपति चौतरा निर्माण वडा नं ४ | | १५०,०००।०० | एक लाख पचास हजार |
| | गणेश मन्दिरवाट ब्रहमक्षेत्र मरणघाट जाने पैदल मार्ग निर्माण वडा नं २ | | १००,०००।०० | एक लाख |
| | नामरुन देवी मन्दिर वडा नं ५ | | १००,०००।०० | एक लाख |
| | राम्चे चौतारा तथा बुद्ध मन्दिर निर्माण वडा नं. ५ | | १००,०००।०० | एक लाख |
| | कटुवाबेशी चौतारो वडा नं. ३ | | १००,०००।०० | एक लाख |
| | बाङ्गे थालडाडो पैदल मार्ग वडा नं. ४ | | १००,०००।०० | एक लाख |
| | ल्होज्याङ  भवन निर्माण वडा नं. ४ | | २००,०००।०० | दई लाख |
| **घ)** | **पुर्वाधार विकास** | | **९,९००,०००।००** | उनान्सय लाख |
| | स्थानिय स्तरका सडकहरु वडा नं १ का सबै सडकहरु मर्मत एवम् सरसफाई | | १,५००,०००।०० | पन्ध्र लाख |
| | वडा कार्यालय आसपास ढल व्यवस्थापन वडा नं. ५ | | २००,०००।०० | दुई लाख |
| | लामिछाने दोवाटो हुँदै नया वस्ती सिवालय जोडेने सडक वडा नं ५ | | २००,०००।०० | दुई लाख |
| | स्थानिय स्तरका सडकहरु वडा नं २ का सबै सडकहरु मर्मत एवम् सरसफाइ | | २,०००,०००।०० | बिस लाख |
| | स्थानिय स्तरका सडकहरु वडा नं ३ का सबै सडकहरु मर्मत एवम् सरसफाई | | २,०००,०००।०० | बिस लाख |

| | | | | |
|---|---|---|---|---|
| | स्थानिय स्तरका सडकहरु वडा नं ४ का सबै सडकहरु मर्मत एवम् सरसफाई | | २,०००,०००।०० | बिस लाख |
| | स्थानिय स्तरका सडकहरु वडा नं ५ का सबै सडकहरु मर्मत एवम् सरसफाई | | २,०००,०००।०० | बिस लाख |
| **ङ)** | **समपुरक अनुदान** | | **६५,२३६,०००।००** | छ करोड बाउन्न लाख छत्तिस हजार |
| | घलेभन्ज्जयाङ नेवारपानी  जैसीगाउँ फुर्केसल्ला बुडीसेरा सडक | | १९,९९८,०००।०० | एक करोड उनान्सय लाख अन्ठान्नब्बे हजार |
| | आँप्रह, राउटार ,मानेथोक ३ नं वडा कार्यालय हुँदै मिलडाँडा घलेभञ्ज्याङ सडक | | १९,८४२,०००।०० | एक करोड अन्ठान्नब्बे लाख वयालिस हजार |
| | माहांकाल गुठीथोक पार्थोक राष्ट्रिय मा.वि. हुदै गाउँपालिका जोड्ने  सडक | | १९,९९६,०००।०० | एक करोड उनान्सय लाख छयान्नब्बे हजार |
| | राष्ट्रिय मा.वि भसभसे कालीकास्थान सडक स्तरोन्नती वडा नं २ | | २,०००,०००।०० | बिस लाख |
| | ठाटी गुठेश्वर मन्दिर राई गाउँ ग्राभेल गर्ने कार्य वडा नं २ | | १००,०००।०० | एक लाख |
| | पौडेल बारी सल्ला घारी वतासे वडा नं ५ भेडावारी सडक सरसफाई | | ५००,०००।०० | पाच लाख |
| | आरुखर्क नेवारटोल हुदैं मेनरोड जोड्ने सडक निर्माण कार्य वडा नं ३ | | ३००,०००।०० | तिन लाख |
| | सातविसे उदयजालपा सुन्द्रदेवी मन्दिर हात्तिगौंडा हुँदै कुलकुले मेन सडक जोड्ने नयाँ ट्याग जोड्ने कार्य तथा सरसफाइ | | २,०००,०००।०० | बिस लाख |
| | नयाँ विरौटा माझको डिल बाँसघारी बतासे मोटरवाटो रिठ्ठाको डिल पहिरो नियन्त्रण | | ५००,०००।०० | पाँच लाख |
| **च** | **भवन तथा शहरी विकास आयोजना** | | **१४,०००,०००।००** | एक करोड चालिस लाख |
| | गाउापालिका स्थायी भवन निमार्ण गर्ने कार्य | | १०,०००,०००।०० | एक करोड |
| | वडा नं १ वडा कार्यालय भवन निमार्ण | | २,०००,०००।०० | बिस लाख |
| | वडा नं ४ वडा कार्यालय भवन निमार्ण | | २,०००,०००।०० | बिस लाख |
| **छ)** | **सिंचाई  पाईप खरिद** | | **१,३००,०००।००** | तेह्र लाख |
| **ज)** | **सिंचाई** | | **४२५,०००।००** | चार लाख पच्चिस हजार |
| | शिवालय मुहान गरी बुढिसेरा खत्रीबेशी सिंचाई वडा नं. ५ | | ३००,०००।०० | तिन लाख |
| | गौमती खोला मुहान गरी केउरिनी फाट गीफाट सिंचाई वडा नं. ३ | - | १२५,०००।०० | एक लाख पच्चीस हजार |
| **झ)** | **वातावरण तथा विपद् व्यवस्थापन** | | **५,७००,०००।००** | सन्ताउन्न लाख |
| | वन तथा भु संरक्षण | | ३००,०००।०० | तिन लाख |

| | | | | |
|---|---|---|---|---|
| | जलाधार संरक्षण | | १५०,०००।०० | एक लाख पचास हजार |
| | वातावरण संरक्षण | | १५०,०००।०० | एक लाख पचास हजार |
| | जलवायु परिवर्तन | | १००,०००।०० | एक लाख |
| | जलउत्पन्न तथा प्रकोप व्यवस्थापन | | १,५००,०००।०० | पन्ध्र लाख |
| | विपद् व्यवस्थापन | | ३,५००,०००।०० | पैतिस लाख |
| **ञ** | **अन्य** | | **४५,४००,०००।००** | चार करोड उनान्सत्तरी लाख |
| | सवारी साधन खरिद | | १,०००,०००।०० | दश लाख |
| | मेसिनरी तथा औजार | | ७००,०००।०० | सात लाख |
| | आई.इ्.ई | | १,०००,०००।०० | दश लाख |
| | फर्निचर खरिद | | ७००,०००।०० | सात लाख |
| | पञ्चकन्या गाउँपालिका सवै स रकारी कार्यालयमा विद्युतिय हाजिरी मेसिन | | ५००,०००।०० | पाच लाख |
| | डि.पि. आर | | १,५००,०००।०० | पन्ध्र लाख |
| | विद्युतिय पुर्वाधार | | २,०००,०००।०० | बिस लाख |
| | आकस्मिक रुपमा आईपर्ने आर्थिक, सामाजिक, पुर्वाधार, वातावरण तथा विविध व्यवस्थापन र संस्थागत विकास, सेवा पैवाह सुसासन सम्वन्धि योजनाहरु | | ५,०००,०००।०० | पचास लाख |
| | गाऊपालिका स्तरिय खानेपानि वैकल्पीक उर्जा, सडक निर्माण तथा अन्य पुर्वाधार म्याचिङ फण्ड | | ३३,०००,०००।०० | तिन करोड तिस लाख |
| **ट)** | **वडा नं १ देखी वडा नं ५ सम्मका लागि ५ लाखको दरले विविध पुंजीगत खर्च** | | **२,५००,०००।००** | पच्चीस लाख |
| **ठ)** | **प्रदेश सरकार विषेस अनुदान कार्यक्रम** | | **३,५००,०००।००** | पैतिस लाख |
| | जैसी गाउ फुर्केसल्ला खत्रिवेसी खानेपानी आयोजनाा | | ३,५००,०००।०० | पैतिस लाख |
| **ड)** | **संघीय सरकार विषेस अनुदान कार्यक्रम** | | **१४,०००,०००।००** | एक करोड चालिस लाख |
| | भेडावारी वयगाउा वृहत खानेपानी योजना | | ९,०००,०००।०० | नब्बे लाख |
| | वाल मृत्यूदर तथा मातृ मृत्यूदर अध्यावधीक भएका क्षेत्रहरुमा गरिने स्वास्थ्य सेवा सम्बन्धी विशेष कार्यक्रम ( महिला स्वाथ्य स्वयम सेविकाहरुको प्रोत्साहन भत्ता सहित) | | ५,०००,०००।०० | पचास लाख |
| **ढ** | **प्रदेश सरकारको ससर्त अनुदानबाट सम्पन्न हुने योजनाहरु** | | २१,५००,०००।०० | |

| | | | | |
|---|---|---|---|---|
| | प्रिफेव गोदाम घर निर्माण | | २,०००,०००।०० | |
| | पञ्चकन्या सिके गणेस्थान साल चौतारो हुदै ठाटी भञ्ज्याङ जाने मुल बाटो | | २,०००,०००।०० | |
| | बुढीशेरा मिश्रको पधेरो हुदै बच्छला मा.वि. सडक | | २,०००,०००।०० | |
| | ब्रह्मेश्वर वृद्धाश्रम तथा भान्छाघर निर्माण | | २,५००,०००।०० | |
| | बद्रि नारायण मरण पाटि कृयापुत्री भवन निर्माण | | २,०००,०००।०० | |
| | सहरेटार सुवेदीडाडा मिश्रगाउ सडक स्तर उन्नती | | २,५००,०००।०० | |
| | बौदिक सनातन धर्म संरक्षण समाजको बेद वृद्धाश्रम भवन निर्माण | | ३,०००,०००।०० | |
| | मध्ये पहाडी लोकमार्ग बुढीशेरा मिश्रको पधेरो हुदै ठाटीको डिल ग्रामिण मोटरबाटो स्तरउन्नती | | २,५००,०००।०० | |
| | तादि पुल नौटारी ढकालगाढे सडक स्तरोन्नती | | ३,०००,०००।०० | |
| | माध्यामिक तह | | | |
| | राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुरयाउने बाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र कार्यक्रम संचालन | | २,४००,०००।०० | |
| | भैसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास संचालन | | २,५००,०००।०० | |
| | फलफुल दशक अर्न्तगत स्थानीय तहमा विरुवा रोपण अभियान कार्यक्रम ( ५० प्रतिशत अनुदान) | | १,०००,०००।०० | |
| | जोरघट्ट टादी, ठकुरीटोल झेलुङ्गे पुल, पञ्चकन्या गाउपालिका ४, नुवाकोट | | २,५००,०००।०० | |
| | **जम्मा** | | १७७,४६१,०००।०० | सत्र करोड चौहत्तर लाख एकसठ्ठी हजार |

| संकेत नं. | आयोजनाको नाम | बजेट रु. हजारमा | कुल बजेट | कैफियत |
|---|---|---|---|---|
| २११११ | कर्मचारी पारिश्रमिक | ९५५० | ९५५० | |
| २१११२ | पदाधिकारी पारिश्रमिक | ४०९२ | ४०९२ | |
| २११२१ | पोशाक | ७०० | ७०० | |
| २११३२ | महंगी भत्ता | ४५० | ४५० | |

| | | | | |
|---|---|---|---|---|
| २११३४ | कर्मचारी बैठक भत्ता | १०० | १०० | |
| २११३९ | अन्य भत्ता | ५०० | ५०० | |
| २११४१ | पदाधिकारी बैठक भत्ता | २१०० | २१०० | |
| २११४२ | पदाधिकारी अन्य सुविधा | ५०० | ५०० | |
| २२१११ | पानी विजुली | १५० | १५० | |
| २२११२ | संचार | १५० | १५० | |
| २२२११ | इन्धन पदाधिकारी | ७०० | ७०० | |
| २२२१२ | इन्धन कार्यालय प्रयोजन | ६०० | ६०० | |
| २२२१३ | सवारी साधन मर्मत | १००० | १००० | |
| २२२१४ | विमा तथा नविकरण | १५० | १५० | |
| २२२२१ | मेसिन तथा औजार मर्मत | १०० | १०० | |
| २२२३१ | निर्मित सार्वजनिक सम्पति मर्मत | ५०० | ५०० | |
| २२२९१ | अन्य सम्पति मर्मत | ५० | ५० | |
| २२३११ | मसलन्दा तथा कार्यालय सामाग्री | १००० | १००० | |
| २२३१४ | इन्धन अन्य प्रयोजन | ५० | ५० | |
| २२३१५ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन | १५०० | १५०० | |
| २२४१३ | करार सेवा शुल्क | ६५०० | ६५०० | |
| २२४१४ | सरसफाई शुल्क | ५० | ५० | |
| २२५११ | कर्मचारी तालिम खर्च | १०० | १०० | |
| २२५१२ | सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी | **१४२००** | १४२०० | |
| २२५२२ | कार्यक्रम खर्च | **१९८५०** | १९८५० | |
| २२५२९ | बिबिध कार्यक्रम खर्च | १००० | १००० | |
| २२६११ | अनुगमन/मुल्याङकन | २००० | २००० | |
| २२६१२ | भ्रमण खर्च | २०० | २०० | |
| २२७११ | विविध खर्च | १५०० | १५०० | |
| २२७२१ | सभा संचालन खर्च | ५०० | ५०० | |
| २५३१४ | धार्मिक तथा सास्कृतिक संस्था सहायता | ३०० | ३०० | |
| २५३१५ | अन्य सहायता | २०० | २०० | |
| २७२१३ | औषधी खरिद | ७०० | ७०० | |
| २८१४२ | घर भाडा | ६०० | ६०० | |
| २८१४३ | सवारी साधन तथा मेसिनरी औजार भाडा | ३०० | ३०० | |
| २८१४९ | अन्य भाडा | ३०० | ३०० | |

| | | | | |
|---|---|---|---|---|
| | सहकारी भवन तथा अन्य प्रयोजनका लागि अनुदान | १५०० | १५०० | |
| | **कुल जम्मा** | | ७३७४२ | |

| क.सं. | कार्यक्रमको नाम | बजेट रु. हजारमा | कैफियत |
|---|---|---|---|
| १ | सडक नाटक | ३०० | |
| २ | सार्वजनिक सुनुवाइ | ५०० | |
| ३ | रेडियो कार्यक्रम | ३०० | |
| ४ | गाउँपालिकामा १०० मेघाहर्जको रेडियो सञ्चालन | १६०० | |
| ४ | न्यायिक समिति | ५०० | |
| ६ | बिभिन्न दिबसीय कार्यक्रम | ५०० | |
| ८ | दलित जनजाती जागरण कार्यक्रम | ७०० | |
| १२ | मनोसामाजिक कार्यक्रम | २०० | |
| १३ | शैक्षिक प्रबर्दन कोष | १००० | |
| १४ | सप्तकन्या नमुना आ.वि. अनुदान | ५०० | |
| १५ | १२ कक्षा संचालन अनुदान पन्चकन्या मा.बि. | ५०० | |
| १६ | पञ्चकन्या जनकल्याण युवा समाज | १०० | |
| १७ | सुचना प्रविधि | १५०० | |
| १८ | इन्द्रायणी आ.बि. प्राबिधिक बिद्यालय संचालन अनुदान | ५०० | |
| | शिक्षक तालिम तथा कार्यशाला | ७१० | |
| | आधारभुत तह | | |
| | माध्यामिक तह | | |
| | विद्यालय व्यवस्थापन समिति अभिमुखिकरण | | |
| | लेखा व्यवस्थापन तालिम | | |
| | स्मृति शुदृढिकरण तालिम | | |
| | विश्लेषणत्मक चिन्तन शिप तालिम | | |
| | IEMIS तालिम | | |
| | शिक्षक तालिम तथा कार्यशाला | | |
| | स्वयंसेवक शिक्षक व्यवस्थापन | ३००० | |
| | कक्षा आठ तथा SEE परिक्षा संचालन खर्च | ५० | |
| | प्र.अ बैठक भत्ता र खाजा | ११० | |
| | शैक्षिक क्यालेण्डर निर्माण | ७० | |
| | मातृभाषि शिक्षा | ५०० | |

| | | | |
|---|---|---|---|
| | नमुना कक्षा शिक्षण | ५० | |
| | **ECD लाई पोहोर सालको तलब बृद्धिमा निरन्तरता दिईएनछ ।** | १०१० | |
| | **सहायकको (१२ प्रतिशत) को दरले र आधारभुत तहका कार्यालय सहयोगी हरुको ( २० प्रतिशत) वृद्धि भएको तलब भत्ता माध्यामिक तहको कार्यलय सहयोगीको (१५ प्रतिशत )** | | |
| | **माध्यामिक तहमा शून्य दरबन्दी भएका सामुदायिक विद्यालयमा अग्रेजी/गणित/विज्ञान शिक्षकका लागि शिक्षण सहयोग अनुदान (ससर्त)** | १५६५ | |
| | | १४२०० | |

| **क्र.सं.** | **कार्यक्रमको नाम** | **बजेट रु. हजारमा** | **कैफियत** |
|---|---|---|---|
| १ | कम्प्युटर तालिम (कर्मचारी र वडाध्यक्ष) | ५०० | |
| ४ | भोजन सुधार तथा जडीबुटी उत्पादन र प्रशोधन मार्फत समृद्धिको खोजी | ४०० | |
| ५ | गाउपालिका प्रोफाइल निर्माण | २००० | |
| ८ | होमस्टे संचालन अनुदान | १००० | |
| ९ | टुहुरा बिद्यार्थी तथा दलित बिद्यार्थीको साहारा अध्यक्ष कार्यक्रम | २०० | |
| १० | बिरामीको अविभावक गाउपालिका (आर्थिक सहयोग) | २००० | |
| ११ | सहकारी प्रवर्द्धनात्मक कार्यक्रम | ५०० | |
| १२ | गरिबी निवारणका लागि लघु उद्यम | ५०० | |
| १३ | महिला वालवालिका, ज्येष्ठ नागरिक, अपांग लक्षित कार्यक्रम | २००० | |
| १४ | सस्कृति प्रबर्द्धन कार्याक्रम | ३०० | |
| १५ | अपाङ्गसंग जनप्रतिनिधी कार्यक्रम | २५० | |
| १८ | गर्भवतीको साथी उपाध्यक्ष कार्यक्रम | ३०० | |
| २२ | पशु सेवा शाखा | २५०० | |
| २४ | स्वास्थ्य सेवा शाखा | २००० | |
| २५ | खेलकुद प्रवर्द्धन कार्यक्रम चेयरमेन कप भलबिल प्रतियोगिता कार्यक्रम निरन्तरता | १००० | |
| २६ | लैंगिक समानता तथा सामाजिक समावेशि करण | ३०० | |

| | | | |
|---|---|---|---|
| २७ | फोहोर मैला व्यवस्थापन | १०० | |
| २८ | संस्थागत विकास तथा सुसासन | ४००० | |
| **कुल जम्मा** | | **१९८५०** | |

**सम्माननीय अध्यक्ष महोदय,**

अव म वजेटको विनियोजन र स्रोतको ब्यवस्था सम्वन्धी योजना प्रस्तुत गर्दछु । नेपालको संविधानको अनसुचि-८ मा ब्यवस्था गरिएका स्थानिय तहका अधिकारका विषयमा आफ्नै आर्थिक ऐन निर्माण गरि सकिएको हुँदा आन्तरीक स्रोतमा सुधार हुने अवस्था हाम्रो सामु छ । जनचाहनाका आयोजनाहरुमा रकम विनियोजन गरी संघियता कार्यन्वयनको महाअभियान समयवद्ध रुपमा सम्पन्न गर्न साधनस्रोतको उच्चतम् प्रयोगलाई प्राथमिकता दिएको छु ।

आगामि आर्थिक बर्षका लागी रु.४० करोड ९३ लाख ५५ हजार विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालुतर्फ २१ करोड ८४ लाख ४४ हजार अर्थात ५३.३६ प्रतिशत र पुँजीगत तर्फ रु १९ करोड ९ लाख ११ हजार अर्थात ४६.६४ प्रतिशत रहेको छ । यो खर्च अनुमान गत आ.व.को तुलनामा झन्डै १.४ गुणाले वढि हो । सरकारी ससर्त वित्तिय अनुदान स्वरुप संघिय सरकारवाट प्राप्त १३ करोड ७ लाख रुपैंया र प्रदेश सरकारबाट प्राप्त ससर्त रकम रु.२ करोड ७८ लाख २ हजार तथा कृषि पशु स्वास्थ्य र शिक्षा तर्फका बजेट समेत चालु खर्चमा लेखाङ्कन गर्नुपर्ने प्रावधानले गर्दा चालु खर्चको अंश केहि बढि देखिन गएको छ ।

कुल वजेट मध्ये गाउँकार्यपालिका वाट ५ करोड ९९ लाख ४४ हजार रुपैया चालु खर्च र १७ करोड ८९ लाख ११ हजार पूँजिगत खर्च रहने गरी, विषयगत शाखाहरुवाट १५ करोड ८५ लाख रुपैयाँ चालू खर्चस्वरुप र वडा समितिहरुवाट १ करोड २० लाख पुँजिगत खर्च हुनेगरी वित्तिय व्यवस्थापन गरेको छु । विकास तर्फ लम्कदै गरेको स्थानीय तह भएकाले गाउँपालिकाको आफ्नै खानेपानी लगायतका अन्य ठुला सडक कालोपत्रे जस्ता आयोजनाहरु संचालन गर्न Matching fund राख्नु पर्ने जस्ता कारणले गाउँकार्यपालिकामा छुट्याईएको अपुग पुँजीगत रकमको अंश समेत देखिन गएको हो ।

आगामि आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च ब्यहोर्ने स्रोत मध्ये संघिय सरकारवाट प्राप्त वित्तिय समानीकरण अनुदानवाट रु.७ करोड ७८ लाख, शसर्त अनुदान वाट १३ करोड ७ लाख, संघीय सरकारवाट विषेश अनुदानस्वरुप प्राप्त रु १ करोड ४० लाख , राजश्व बाँडफाँडवाट ५ करोड २४ लाख १६ हजार ३८०,प्रदेश सरकार वाट प्राप्त वित्तिय समानीकरण अनुदानवाट रु

९९ लाख , शसर्त अनुदानवाट रु २ करोड ७८ लाख २ हजार, प्रदेश सरकारवाट प्राप्त विषेश अनुदान रु ३५ लाख ,प्रदेश सरकारवाट प्राप्त समपुरक अनुदान रु २ करोड ९९ लाख १८ हजार,राजश्व बाँडफाँड हस्तान्तरणवाट रु. १ करोड २२ लाख १६ हजार, आन्तरिक श्रोतवाट रु ५० लाख व्यहोर्दा न्यून हुन आउने रकम रु. ४ करोड ६१ लाख २ हजार ६२० रुपैंया संघ तथा प्रादेशिक सरकारसंग माग गरि तथा हस्तान्तरण हुने मालपोत, विद्युत रोयल्टी, बुद्धभुमि हाईड्रोपावर वाट प्राप्त हुने रकम लगायत अन्य विभिन्न स्रोतहरुबाट सोधभर्ना गरिनेछ ।

**सम्माननीय अध्यक्ष महोदय,**

म आर्थिक वर्ष २०७७/०७८ का लागि राजस्व परिचालनको नीति तथा कार्यक्रम निम्नानुसार प्रस्तुत गर्दछु ।

नेपालको संविधानले परिकल्पना गरे अनुरुप हामीले पञ्चकन्या गाउँपालिकाको यस आ. व. २०७७/०७८ कोआर्थिक ऐन जारी गरीसकेको कुरा अवगत नै छ । उक्त ऐनको प्रभावकारी कार्यान्वयन मार्फत सबै गाउँपालिका वासीहरुलाई करको दायरामा ल्याउन करदाता शिक्षा,करको दायरा विस्तार, राजस्व चुहावट नियन्त्रण जस्ता कार्यक्रमहरु संचालनमा ल्याई आन्तरिक राजस्व वृद्धि गर्ने तथा आवश्यक सुधार गरी आत्मनिर्भर गाउँपालिका निर्माणको थालनि गरीनेछ ।

आगामी साउन १ गते देखिनै आर्थिक ऐनले निर्दिष्ट गरेका विषयहरुसँग सम्वन्धित नागरीक तथा व्यवसायिहरुलाई आफ्नो व्यवसाय अभिलेखिकरण गर्न विभिन्न संचार माध्यामवाट आह्वान गरी सम्वृद्ध अर्थतन्त्रको निर्माण वाट तिव्र आर्थिक विकास तर्फको वाटो पहिल्याउने प्रक्रिया सुरु गरिने छ ।

**सम्माननीय अध्यक्ष महोदय,**

विकास जमिनमुनिको त्यो पानी हो जुन सय ठाँउमा एक मिटर खनेर प्राप्त गर्न सकिदैन तर एकै ठाँउमा सय मिटर खन्नाले प्राप्त गर्न सकिन्छ भन्ने मान्यतालाई आत्मसाथ गर्दै यस आ.व.०७७/०७८ को बजेटमा टुक्रे योजनाहरुलाई निरुत्साहित गर्ने अधिकतम प्रयास गरेको छु । यस बजेटको कार्यान्वयनबाट आर्थिक क्रियाकलापमा उल्लेख्य विस्तार भई राज्यले राखेको ३.५ प्रतिशत आर्थिक वृद्धिदर हासिल हुने लक्ष्यमा थप बल मिल्नेछ । यो बजेटको कार्यान्वयनवाट यस गाउँपालिका भित्रका जनशक्तीहरु लाई थप नयाँ रोजगारीका अवसरहरु सिर्जना हुने अपेक्षा गरेको छु ।

प्रस्तुत बजेट तर्जुमामा मार्गनिर्देशन गर्नु हुने सम्माननीय अध्यक्ष ज्यू, माननीय गाउँसभाका सदस्य ज्यूहरु, राजनैतिक दलका नेताज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट छलफलका

क्रममा आ-आफ्ना तर्फवाट अमुल्य सुझावहरु प्रदान गर्नुहुने विभिन्न समितिका पदाधिकारीहरु, छिमेकी गाउँपालिकाका समकक्षी मित्रहरु, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजिवि,निजि क्षेत्रका संघ संगठनहरु,नागरीक समाज तथा सामुदायीक संस्था, सामाजिक संगठनहरु, पत्रकारहरु लगायत यस गाउँपालिका भित्र, देश तथा विदेशमा रहनु भएका पञ्चकन्यावासी आमा वुवा दिदि वैनी, दाजुभाईहरु सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

विकास मानविय जिवनलाई खुशी प्रदान गर्ने साधन पक्कै हो । तर विकास संगै जल, जमिन, प्रकृति र पर्यावरणको संरक्षणको जिम्मेवारीलाई पनि विर्सन मिल्दैन भन्ने कुरालाई ध्यान दिदै हरित विकासको अवधारणालाई अवलम्वन गरी दिगो विकास प्राप्तिका लागि **"विगारेर हैन, सिंगारेर विकास गरौ"**भन्ने नीतिलाई प्रत्येक पूवाधार विकासको चरणमा प्रयोग गर्दै लगिने गरि बजेटलाई डोर्‍याउने प्रयास गरेको छु ।

अन्त्यमा गाउँको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्‍याउने आम नागरकि, करदाता, पञ्चकन्याको हित र समुन्नतीमा कार्यरत सबै बिकास साझेदार, सरकारी, गैरसरकारी तथा सामुदायीक संस्थाहरुप्रती हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुल्ला सहयोगको अपेक्षा गर्दछु ।

समस्याहरु धेरै छन्, सबैको एकैपटक समाधान सम्भव छैन र हुन पनि सक्दैन । वर्तमान वस्तुगत यथार्थको धरातलमा उभिएर चुनौतीहरुको सामना गर्दै नयाँ अवसरको सिर्जना गर्न हामि सवै कटिवद्ध, प्रतिबद्ध र एकतावद्ध बनौ । उज्वल भविष्य निर्माणको लागी आशावादी बनौ, नमुना पञ्चकन्या निर्माणमा सहभागी बनौं । **सानो लक्ष्य लिनु अपराध हो महान् लक्ष्य राख** भन्ने भनाईलाई मनन गर्दै सामाजिक सद्भाव र एकताबाट सामुहिक रुपमा विकासको खोजीमा जुट्नु पर्छ भन्ने हाम्रो मान्यता रहि आएको छ । स्थानिय सरकारकारको निति तथा कार्यक्रमको कार्यान्वयनको क्रममा विविध समस्या आईपर्न सक्छन् कुनै पनि समस्याको समाधान कानुनी तवरबाटै हुनुपर्छ । **बल र छल सदैव घातक मात्र हुन्छ** र अन्तत यसले निम्त्याउने जटिलता मात्र हो । त्यसैले जटिलताको अन्त्यको लागि यो बजेट कार्यान्वयनमा पञ्चकन्या गाउपालिकाको भुगोलभित्र गोलबद्ध आम नागरिक वुद्धिजिवी, आमा-वुवा, दाजु-भाई, दिदी वहिनी, जनप्रतिनिधि तथा कर्मचारी वर्ग सवै बल र छलको कदम .बाट टाढा वसी एकतावद्ध भएर अगाडी वढि **स्वालम्वी नागरिक उत्पादनको प्रयास** वर्षलाई सार्थकता प्रदान गरौ भन्ने संकल्पको मैले आशा गरेको छु ।

यतिवेला हामी कोरोना संक्रमणको उच्च जोखीममा छौं । उच्च मनोवल, सामाजिक एकता, आपासी सहयोगात्मक भावाना र पलपलको सर्तकताले मात्र कोरोना माथीको विजय प्राप्त हुनेहुँदा आम पञ्चकन्यावासी यस कार्यमा दृढ संकल्पित हुँदै कोरोना माथिको विजय प्रयासमा हातेमालो

गर्न तयार रहनुहुनेछ भन्ने अपेक्षा समेत गरेको छु । विपद्को विच विकासको खोजी गर्ने कार्यमा सदैव हाम्रो कदम अघि बढिनै रहने कुरामा विश्वस्त रहन आग्रह गर्दै छिट्टै कोरोना माथिको मानव विजयको प्रतिक्षा गरि आशावादी रहन समेत आम नागरिकमा आग्रह गर्न चाहन्छु । अवस्था प्रतिकुल छ तथापि विकासरुपी आशाको दियोमा इन्धन नथपीरहन हामी सक्दैनौ र विकासरुपी दियोको इन्धन भनेको यसका उपभोक्ताहरु नै हुने हुँदा आ.व. ०७७/०७८ को नीति तथा कार्यक्रमको सतहमा टेकेर यस बजेट बक्तव्य मार्फत घोषित सम्पूर्ण योजनाहरुको सफल कार्यान्वयनमा सामाजिक दुरी कायम सहितको आम उपभोक्ताहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछु । कोरोनाको कारण विचलित आम नागरिकका मुहारमा कहिल्यै नमेटिने खुसी वितरणमा हामी सदैव दत्तचित्त भएर अघि बढ्ने कुरामा विश्वस्त रहँदै स्थानीय सरकारको विकास अभियानमा सहकार्यमा जुट्न आम पञ्चकन्यावासीलाई तयार रहन अनुरोध गर्दछु ।

**धन्यवाद**